# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, वैशाख ९ गते २०५९ साल (संख्या २

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी सत्य साईं केन्द्रीय ट्रष्ट नेपालले निःशुल्क स्वास्थ्य उपचारका लागि आयात गर्न लागिएको भा. रु. २,५०,००० मूल्य बराबरको १ थान एक्सरे मेशिनमा लाग्ने भंसार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी सुषमा कोइराला मेमोरियल ट्रष्टले जर्मनीबाट सहयोग स्वरुप प्राप्त गर्ने यूरो १०,५५८.४८ मूल्य बराबरको सामानमध्ये वाशिङ्ग मेशिनबाहेक अन्य सामानहरू आयात गर्दा लाग्ने भंसार महसुल १ प्रतिसत लिई बाँकी भंसार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी नेपाल नेत्र ज्योति संघले International Trachoma Initiative New York बाट उपहार स्वरुप प्राप्त गर्ने अमेरिकी डलर ३,८४,४३२.०० मूल्य बराबरको आँखा उपचारमा प्रयोग हुने Zithromax (azithromycin) नामक औषधी आयात गर्दा लाग्ने भंसार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

श्री ५ को सरकारले आर्थिक ऐन २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी जिल्ला विकास समितिको कार्यालय, रुपन्देहीले खरीद गर्ने जापानी येन ३३,४१,३४० र ने.रू. ५५,००० मूल्य बराबरको Toyota Land Cruiser, Station Wagon गाडीमा १% भंसार महसुल लिई बाँकी भंसार महसुल, मूल्य अभिवृद्धि कर तथा स्थानीय विकास शुल्क छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी शान्ती सेवा गृहले जर्मनीको संस्था ACTION MEDE-OR बाट अनुदान स्वरुप प्राप्त गर्ने ने.रू. १,२१,०५९।३६ मूल्य बराबरको औषधि पैठारीमा लाग्ने भंसार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी बी.पी. कोइराला लायन्स नेत्र अध्ययन केन्द्रले आयात गर्ने क्रमशः अमेरिकी डलर ५३,७८०, भा.रु. १८,४२,७९५ र युरो १५,३०४ मूल्य बराबरका सामाग्रीहरूमा लाग्ने भंसार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ७

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी महालेखा परीक्षकको विभागले खरीद गर्ने जापानी येन ३०,६०,०००.०० मूल्य बराबरका ३ वटा निसान कारमा लाग्ने भंसार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ८

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी ग्रामीण महिला विकास तथा एकता केन्द्रलाई प्याक्ट नेपालले उपलब्ध गराउने १ थान मोटरसाइकलमा भंसार महसुल, मूल्य अभिवृद्धि कर तथा स्थानीय विकास शुल्क ७५% छूट दिई बाँकी भंसार महसुल, मूल्य अभिवृद्धि कर तथा स्थानीय विकास शुल्क असुल गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ९

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी Planete Enfants लाई प्याक्ट नेपालले उपलब्ध गराउने २ थान मोटरसाइकलमा भंसार महसूल, मूल्य अभिवृद्धि कर तथा स्थानीय विकास शुल्क ७५% छूट दिई बाँकी भंसार महसूल, मूल्य अभिवृद्धि कर तथा स्थानीय विकास शुल्क असुल गर्ने र ३ थान कम्प्यूटर सेट र १ थान ल्यापटप कम्प्यूटर सेटमा १% भंसार महसूल, असुल गरी बाँकी भंसार महसुल अभिवृद्धि कर तथा स्थानीय विकास शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १०

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी बी.पी कोईराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुरले आयात गर्ने अमेरिकी डलर १,५०,६९० मूल्य बराबरका सामाग्रीहरूमा लाग्ने भंसार महसूल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ११

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी आर्थिक वर्ष २०५८।५९ का लागि चिनी उद्योगहरूले आयात गर्ने उखुमा लाग्ने कृषि सुधार शुल्क छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,

डा. बिमलप्रसाद कोईराला

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

श्री ५ को सरकारको २०५८ साल चैत १४ को निर्णयानुसार सूचना तथा सञ्चार मन्त्रालयका राजपत्राङ्कित प्रथम श्रेणी (प्रा.) श्री प्रभाकर अधिकारीलाई सोही मन्त्रालयको रिक्त सचिव पदमा कायम मुकायम मुकरर गरिएको छ ।

आज्ञाले,
शशिकान्त मैनाली
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।